# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०७९/८०

च.नं.: ११२

मिति : २०७९/०४/०२

**विषय : सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

श्री वडा कार्यालय (सबै)
बौदीकाली गाउँपालिका ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ ले व्यवस्था गरे अनुरुप यस बौदीकाली गाउँपालिका भित्र रहेका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीले आगामी आर्थिक वर्ष २०७९/०८० सालको भत्ता लिन चाहेमा २०७९ कार्तिक मसान्तभित्र आ-आफ्नो वडा कार्यालयमा गई नवीकरण गर्नुपर्ने व्यवस्था भएको तर आ.व. २०७९/०८० सालको प्रथम त्रैमासिक सा.सु. भत्ता असोज महिनाभित्रै लाभग्राहीको खातामा डिपोजिट गर्नुपर्ने व्यवस्था भएकोले यस बौदीकाली गाउँपालिकाभित्र रहेका सा.सु. भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरुले २०७९/०८० सालको भाद्र मसान्तभित्र सम्बन्धित लाभग्राहीले आ-आफ्नो वडा कार्यालयमा गई नवीकरण गर्नुहुन अनुरोध छ ।

**नवीकरण गर्दा चाहिने कागजातहरु :**

१. नेपाली नागरिकताको प्रमाणपत्र
२. लाभग्राहीको १ प्रति फोटो
३. अपाङ्गको हकमा अपाङ्ग परिचयपत्र साथै संरक्षकको नागरिकता प्रमाणपत्र
४. ५ वर्ष मुनिका दलित बालबालिकाको हकमा जन्मदर्ता साथै बाबु आमाको नागरिकता प्रमाणपत्र
५. विधवा महिलाको हकमा पतिको मृत्युदर्ता
६. ६० वर्ष मुनिका विधवा महिलाको हकमा अर्को विवाह नगरेको प्रमाणित कागजात
७. सबै लाभग्राहीको बाजे, बाबु, आमाको नामथर लाभग्राहीको वा संरक्षकको फोन नं.

पुनश्च :

- कृपया सम्बन्धित लाभग्राही नवीकरण गर्न आउँदा माथि उल्लेखित सक्कल प्रमाणपत्र अनिवार्य लिएर आउनुहोला र सामाजिक सुरक्षा भत्ता नवीकरण गर्दा लाभग्राही स्वयं वडा कार्यालयमा अनिवार्य उपस्थित हुनुपर्नेछ ।
- यदि तोकिएको समयमा नवीकरण नगराएमा प्रणालीबाट नाम हटाईनेछ ।
- वडा कार्यालयले आफ्नो वडाभित्रका योग्य लाभग्राहीको आवश्यक विवरण फारम भरी पञ्जिकरण शाखामा बुझाउनुहुन सुचित गरिन्छ ।

(प्रदिपचन्द्र सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत


@hellobaudikali @hellobaudikali baudikalimun@gmail.com 9857046264